# नेपालगञ्ज उप महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## नेपालगञ्ज, बाँके, लुम्बिनी प्रदेश, नेपाल

## सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम यस उप महानगरपालिका बाट सार्वजनिक गरिएको सूचना विवरण

**(मिति २०८२ श्रावण ०१ देखि मिति २०८२ असोज**

**मसान्त सम्मको विवरण)**

### (१) सूचना सार्वजनिक गर्ने निकाय /नेपालगन्ज उप महानगरपालिकाको स्वरुप र प्रकृतिः

नेपालगञ्ज शहर बि.सं. २०१७ सालमा नेपालगंज नगर पञ्चायतका नाम बाट स्थापना भई बि.सं. २०१९ सालमा नेपालगंज नगरपालिकाको रुपमा स्थापित भएको हो । नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७१ मंसिर १६ गतेको निर्णयबाट साविक १७ वडा रहेको नगरपालिकाको सिमाना जोडिएका वरीपरिका १० गाउँ विकास समितिहरु क्रमशः उदयपुर, भवानीयापुर, पिप्रहवा, जयसपुर, ईन्द्रपुर, खासकारकाँदो, वासुदेवपुर, मनिकापुर र पुरैना लाई गाभेर २७ वटा वडा कायम गरेकोमा मिति २०७२।०६।१ को नेपाल सरकारको निर्णयबाट साविक पुरैनी गा.वि.स.को क्षेत्र गाभेर २८ औं वडाको रुपमा कायम भएको थियो । तत पश्चात् सरकारको मिति २०७३।११।९ को निर्णय अनुसार साविकको वडा नं. २३ ईन्द्रपुरलाई जानकी गाउँपालिकामा समायोजन गरिएको र बाँकी केही साना वडाहरुको क्षेत्र एक अर्कामा मिलाई, केहीको क्षेत्र यथावत् राखी २२ वटा वडा र साविकको हिरमिनिया गा.वि.स.को वडा नं. ७ लाई उप-महानगर क्षेत्रमा गाभि उक्त क्षेत्रलाई २३ औं वडाको रुपमा कायम गरिएको छ । हाल कायम भएको वडाको जम्मा संख्या २३ रहेको छ । नेपाल सरकारको पछिल्लो निर्णय अनुसार हालको उप-महानगर कायम हुँदा यसको क्षेत्रफल ८५.९४ व.कि.मी. र कूल जनसंख्या राष्ट्रिय जनगणना, २०७८ बमोजिम १६४४४४ (पुरुष ८२,७५५ र महिला ८१६८९) रहेको छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय सरकारको रुपमा नेपालगञ्ज उप महानगरपालिका रहेको छ ।

## (२) नेपालगंज उप महानगरपालिकाका काम, कर्तव्य र अधिकारः

यस उपमहानगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची  र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन  ऐन, २०७४, संघीय कानूनहरु र लुम्बिनी प्रदेश कानन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानूनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं उपमहानगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले  तोकेबमोजिमको काम, कर्तव्य र अधिकारबाट निर्दिष्ट छ ।

## (३) निकायमा रहने कर्मचारी विवरणः

यस उपमहानगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा, समुह, तह समेतको विस्तृत विवरण तस्विर सहितको र उपमहानगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भएबमोजिम कार्यान्वयनमा रहेकोछ । यस उपमहानगरपालिकामा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण संक्षिप्तमा नेपालगञ्ज  उपमहानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/ मा समेत राखिएकोछ ।

## (४) यस उपमहानगरपालिकाबाट प्रदान गरिने सेवाहरुः

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र लुम्विनी प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं उपमहानगरपालिकको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा नेपालगञ्ज उपमहानगरपालिकाको अविछिन्न अभ्यासहरुको अधीनमा  रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

## (५) यस उप महानगरपालिकाका विभिन्न महाशाखा तथा शाखाका  र जिम्मेवार अधिकारीः


यस उप महानगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न समितिहरु, महाशाखाहरु, शाखाहरु, २३ वटा वडा  कार्यालयहरु रहेका छन् । उप-महानगरपालिकाको प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता,  सूचना अधिकारी तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण नेपालगञ्ज उपमहानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/ मा उल्लेख गरिएको छ ।

## (६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

यस उप-महानगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने  समय अवधी विवरण नेपालगञ्ज उप-महानगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगरसभाबाट जारी  हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय कानुन, समेतबाट निर्धारण गरिन्छ । यस संवन्धी व्यवस्था सेवाग्राहीको जानकारीका लागि नागरकि वडापत्र तथा नेपालगञ्ज उप-महानगरपलिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np मा समेत उल्लेख  गरिएको छ ।

## (७) निर्णय गर्ने प्रक्रिया र अधिकारीः

यस उप महानगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ । उप-महानगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, शहरी योजना आयोग, अनुगमन तथा मुल्याङ्कन एकाई र अन्य संस्थागत संयन्त्रबाट समेत हुने  गरेको छ ।



## (८) निर्णय उपर उजुरी सुन्ने अधिकारी:

यस उप-महानगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि उप-महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट गुनासो सुनुवाईको व्यवस्था गरिएको छ ।

## (९) सम्पादन गरेको कामको विवरण:

यस उप-महानगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा उप-महानगरपालिकाले यस आर्थिक वर्षको **२०८२ बैशाख १ गते देखि २०८२ असाढ** मसान्त सम्म देहाय बमोजिमको कार्यहरु सम्पन्न गरेको छ :

### 1) प्रशासन व्यस्थापन तथा जनशत्ति व्यवस्थापन शाखा,

१. जनप्रतिनिधि तथा कर्मचारीहरूको आब २०८१/८२ को सम्पत्ति विवरण सम्बन्धी प्रविष्टि गरेको ।
२. स्थायी कर्मचारीहरूको आब २०८१/८२ को कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी कार्य गरेको ।
३. सेवा करारमा कार्यरत कर्मचारीहरूको करार सम्झौता सम्बन्धी कार्य गरेको।
४. जेनजी आन्दोलन पश्चात सम्पूर्ण प्रशासनिक कार्यहरू सुचारु गरिएको छ ।

### २) शिक्षा युवा तथा खेलकुद महाशाखा

**आ.व.२०८२।०८३ को पहिलो त्रैमासिक श्रावण,भाद्र र असोज मसान्तसम्मको प्रगती विवरण देहायमा प्रस्तुत गरीएको छ :**

१) आ.व.२०८२।०८३ को बार्षिक कार्ययोजना तयार,स्वीकृत गराई कार्यान्वयनमा रहेको छ ।
२) विद्यालयहरुमा सूचना प्रबिधीमैत्री शिक्षण सिकाई क्रियाकलाप सञ्चालनमा प्रोत्साहन गरिएको।

३) सामुदायिक र धार्मिक विद्यालयका सबै प्रकारका शिक्षकहरु, कर्मचारीहरुको तलव मासिक रुपमा विद्यालयबाट भूक्तानी गर्ने व्यवस्था गरिएको ।

४) यस उ.म.न.पा.बा**ट** शिक्षा प्रशासन सँग सम्बन्धित नियमित सेवा प्रवाह सम्बन्धीत कार्य Gen–**Z** आन्दोलन पश्चात पनि नियमित रुपमा सुचारु गरिएको छ ।

५) सायुदायिक ,धार्मिक तथा संस्थागत विद्यालयको अनुगमन सुपरिवेक्षण गरिएको छ ।

६) सामुदायिक र धार्मिक विद्यालयमा विद्यार्थी नियमितता तथा बालवालिका का लागि दिवा खाजा व्यवस्थापन गरिएको छ ।

## ३) स्वास्थ्य महाशाखा

## त्रैमासिक संक्षिप्त प्रगति विवरण २०८२ श्रावण देखि असोज सम्म

१ आ.व. २०८१/८२ मा संचालित स्वास्थ्य कृयाकलापहरुको बार्षिक समिक्षा कार्यक्रम सम्पन्न तथा स्वास्थ्य सुचकहरुको आधारमा उत्कृष्ट स्वास्थ्य संस्था घोषणा तथा सम्मान ।

२ निजी स्वास्थ्य संस्थाहरुको अभिलेख प्रतिवेदन सम्बन्धि समन्वयात्मक बैठक संचालन ।

३ स्वास्थ्यकर्मीहरुलाई EHIRRS/DHIS2 को तालिम संचालन ।

४ स्वास्थ्य कृयाकलापहरुको डाटा भेरिफिकेशन कार्यक्रम ।

५ बिपन्न नागरिक उपचार सिफारिस (संघिय सरकार रु एक लाखको अनुदान ४० जनालाई) ।

६ बिपन्न नागरिक उपचार सिफारिस (प्रदेश सरकार रु. दुई लाखको अनुदान १४ जना) ।

७ स्तनपान सप्ताह अगस्ट १ देखि ७ सम्म संचालन ।

८ निजी स्वास्थ्य संस्था अनुगमन गरि दर्ता तथा नबिकरण भए नभएको अभिलेख अनलाईन मार्फत राखिएको ।

९ नर्सिङ कर्मचारीहरुलाई SBA तालिम संचालन ।

१० बित्तिय समानिकरण तर्फको कार्यक्रमहरुको कार्यक्रम संचालन मार्गदर्शन २०८२ स्विकृत ।

११ आ.व २०८२/२०८३ को कार्ययोजना निर्माण तथा प्रमुख प्रशासकिय अधिकृत ज्यू बाट स्वीकृत भई कार्यान्वयनमा रहेको ।

१२ नियमित रुपमा हरेक महिना मासिक समिक्षा बैठक ६ स्थानमा सम्पन्न ।

१३ पालिका स्तरिय GESI बैठक संपन्न ।

१४ औषधी खरिदको लागी ईबिडिङ मार्फत सुचना प्रकाशन गरिएको ।

१५ निजी स्वास्थ्य संस्थाहरुलाई किट जन्य रोग (औलो,डेङ्गी लगायत) हरुको डाटा ट्र्याकिङ सम्बन्धि कार्यक्रम संचालन ।

१६ प्रथम त्रैमासिकमा समपन्न गर्न पर्ने अन्य कृयाकलापहरु जेन्जी आन्दोलनको कारण सम्पन्न हुन नसकेको ।

## ४) सामाजिक गै.स.तथा साझेदारी शाखा

- चालु आ.व.२०८२।०८३ का लागि शाखाले सम्पादन गर्नुपर्ने कार्ययोजना स्वीकृत गरिएको ।
- जेन जी आन्दोलनका क्रममा मिति २०८२।०५।२५ गते भएको तोडफोड, लुटपाट र आगजनीका क्रममा सो सम्बन्धि सम्पुर्ण कागजातहरु जली नष्ट भएको सम्बन्धमा शाखाबाट भएको क्षतिको आंकलन गरी बचेका कागजातहरु अधावधिक विवरण तयार गरी मुचुल्का समितिलाई प्रतिबेदन पेश गरियो ।
- सार्वजनिक सुनुवाई सम्बन्धि सेवा प्रवाह संस्थासंग सम्झौता गर्ने क्रममा रहेको ।
- ऋण असुली र कर्जा लगानीको कार्य संचालनमा रहेको ।
- गरिबी निवारणका लागि लगु उधम विकास कार्यक्रम (मेडपा) का लागि नेपालगञ्ज उपमहानगरपालिका अन्तर्गत वडा नं. ४ र १८ छनौट भइ कार्यक्रम संचालनका क्रममा रहेको ।

**सामी कार्यक्रम**

- जेन जी आन्दोलनका क्रममा मिति २०८२।०५।२५ गते भएको तोडफोड, लुटपाट र आगजनीका क्रममा सो सम्बन्धि सम्पुर्ण कागजातहरु जली नष्ट भएकोले कार्यक्रम संचालनका लागि पुनः टिप्पणी स्वीकृत गरियो ।

**सूचना तथा परामर्श सेवाः**

बैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउनका लागि सम्भावित कामदारहरुलाई सुचना तथा जानकारी प्रवाह गरिएको जसमा महिला ५४० र पुरुष ८२० गरी जम्मा १३६० मात्र ।

**वित्तिय साक्षरता तथा मनोसामाजिक कक्षा सञ्चालन**

- बैदेशिक रोजगारबाट पठाएको रकमलाई कहाँ, के कसरी बचत गर्ने, फुजुल खर्च कसरी कटौती गर्ने उत्पादन क्षेत्रमा कसरी लगानी गर्ने, आम्दानीका स्रोतहरु के के हुन सक्छन् भन्ने विषयमा नेपालगञ्ज उपमहानगरपालिकाका वड नं. २ र २३ मा वित्तीय ज्ञान सम्बन्धि २१ हप्ता कक्षा सञ्चालनका लागि वडा छनौट गरिएको र वडा नं २ मा प्रि-सर्वे समेत भइसकेको छ ।

**मनोसामाजिक सेवा**

- विश्व स्वास्थ्य संगठन अनुसार आगामी वर्ष सन २०३० सम्ममा डिप्रेसन, तनाव तथा अन्य मानसिक पिरचिन्ता प्रमुख रोगको रुपमा देखिने अवस्था रहेका र डिप्रेसन जो कोहीलाईपनि हुने भएकोले त्यसबाट कसरी बच्न सकिन्छ भन्ने विषयमा मनोसामाजिक दिगोपना,केश शेयरिगं सम्बन्धि अन्तरक्रिया भएको छ ।
- हालसम्म मनोसामाजिक परामर्श सेवा ९ जनालाई दिईसकेको र घर परिवार तथा समाजमा सम्बम्ध विस्तार हुनुका साथै, उनिहरुद्धारा नयाँ जिवन पाएको भनी खुशी व्यक्त गरिएको छ ।

## ५) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा

| हाल सम्मको प्रगति विवरण | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.न.. | कार्यक्रम/ कियाकलाप | बार्षिक लक्ष्य | | | वित्तिय | | | भौतिक | | | | कम रु.१,४४०,७०००। मा | | | ि ल ि न त म |
| | | | | | हाल सम्मको प्रगति | | | वितीय प्रगति | | भौतिक प्रगति | | काम बाँकी | | | |
| | | बजेट | तेश्रो चौमासिक | जम्मा | एकाई | लक्ष्य | बजेट | एकाई | परिमाण | प्रतिशत मा | प्रतिशत | बजेट | एकाई | लक्ष्य | |
| १ | जेष्ठ नागरिक प्रवर्द्धन कार्यक्रम | 400,000.00 | | | वटा | १ | ० | पटक | ० | 0.00% | 0.0 | 400,000.00 | पटक | 1 | किशोरी |
| २ | किशोरी समूह गठन तथा पुन गठन र जीवन उपयोगी तालिम ( life skill र विपद उत्थानशिलता समेतका विषय)समुदायस्तर | 250,000.00 | | | वटा | ३ | ० | पटक | ० | 0.00% | 0 | 250,000.00 | पटक | 3 | महिला |
| ३ | नव उद्यमि महिलाको लागि सिप तथा व्यवसायिकता विकास तालिम (माग तथा आवश्यकतामा आधारित बस्तुगत टेवा प्रति व्यक्ति ३००० समेत) | 300,000.00 | | | वटा | १ | ० | पटक | ० | 0.00% | 0 | 300,000.00 | पटक | 1 | महिला |
| ४ | अन्तरराष्ट्रिय तथा राष्ट्रिय दिवसहरु (ज्येष्ठ नागरिक दिवस, अल्जाइमर्स दिवस, राष्ट्रिय मानव बेचविखन विरुद्धको दिवस, लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान, अन्तराष्ट्रिय अपांगता दिवस, अन्तरराष्ट्रिय किशोरी दिवस, अन्तर्राष्ट्रिय महिला दिवस, अन्तराष्ट्रिय आप्रवाशन दिवस, राष्ट्रिय भूकम्प दिवशमा GEDSI | 200,000.00 | 10 | | वटा | ६ | ० | पटक | ० | 0.00% | 0 | 200,000.00 | पटक | 6 | महिला |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Approch बाट मनाउने अन्य) | | | | | | | | | | | | | | |
| ५ | अन्य बैठक सञ्चालन व्यवस्थापन (लैंगिक हिंसा निवारण कोष संचालन समिति, संरक्षण विषयगत क्षेत्र समन्वय समिति, जेसी समिति, जेसी समन्वय समिति कार्यान्वयन समिति बालकोष, पुरुष सञ्जाल लगायत अन्य बैठक) | 250,000.00 | 200 | | वटा | १० | ० | पटक | ० | 0.00% | 0 | 250,000.00 | पटक | 10 | महिला |
| ६ | अपांगता भएका व्यक्तिहरुको परिचयपत्र वितरण शिविर सञ्चालन र व्यवस्थापन तथा अपांगता समन्वय समितिको बैठक समेत | 260,000.00 | | | | १६ | ० | पटक | ० | 0.00% | 0 | 260,000.00 | पटक | 16 | महिला |
| ७ | अपांगता सम्बन्धी अभिमूखीकरण(वडा स्तर) | 150,000.00 | | | वटा | ५ | ० | पटक | ० | 0.00% | 0 | 150,000.00 | पटक | 5 | अपांगता |
| ८ | अपांगता सम्वन्धि मागमा आधारित कार्यक्रम दोभाषे र परामर्शकर्ताको पारिश्रमिक सहित | 1,000,000.00 | 25 | | वटा | २ | ० | पटक | ० | 0.00% | 0 | 1,000,000.00 | पटक | 2 | दिवश |
| ९ | किशोरी समूहको अर्धवार्षिक अन्तरक्रिया १ दिने | 90,000.00 | 50 | | वटा | २ | ० | पटक | ० | 0.00% | 0 | 90,000.00 | पटक | 2 | महिला |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | किशोरी सशक्तिकरण कार्यक्रम(विद्यालय विमुख तथा विद्यालय विचैमा छोडेकालाई सीप विकास समेत) | 600,000.00 | 20 | | वटा | २ | ० | पटक | ० | 0.00% | 0 | 600,000.00 | पटक | 2 | अपांगता |
| ११ | ग वर्गको अपांगता विमा निरन्तरता Albanism समेत | 1,000,000.00 | | | वटा | १ | ० | वटा | ० | 0.00% | 0 | 1,000,000.00 | वटा | 1 | अपांगता |
| १२ | जेसी अडिट प्रतिवेदन तथा कार्ययोजना निर्माण एवं प्रस्तुतिकरण र GRB Audit | 100,000.00 | 50 | | वटा | १ | ० | पटक | ० | 0.00% | 0 | 100,000.00 | पटक | 1 | प्रवद्धन |
| १३ | डेक नेपाल सँगको साझेदारी | 250,000.00 | 0 | | वटा | १ | ० | वटा | ० | 0.00% | 0 | 250,000.00 | वटा | 1 | |
| १४ | द्धन्द्ध प्रभावित, बेपत्ता तथा एकल महिलाका लागि आय आर्जन तथा क्षमता बिकास | 200,000.00 | 130 | | वटा | १ | ० | पटक | ० | 0.00% | 0 | 200,000.00 | पटक | 1 | किशोरी |
| १५ | नगरस्तरको बालक्लव सञ्जाल पुन गठन | 80,000.00 | 10 | | वटा | १ | ० | पटक | ० | 0.00% | 0 | 80,000.00 | पटक | 1 | महिला |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | नगरस्तरिय बालमैत्री स्थानीय शासन समित बैठक खर्च | 90,000.00 | **495** | | वटा | ४ | ० | पटक | ० | 0.00% | 0 | 90,000.00 | पटक | 4 | प्रवद्र्धन |
| १७ | नगरस्तरिय स्थानीय बाल अधिकार समिति बैठक | 40,000.00 | | | वटा | २ | ० | पटक | ० | 0.00% | 0 | 40,000.00 | पटक | 2 | महिला |
| १८ | नगरस्तरीय बालमैत्री सरोकारवालाको सञ्जाल बैठक र सक्रियता | 20,000.00 | | | वटा | ४ | ० | पटक | ० | 0.00% | 0 | 20,000.00 | पटक | 4 | महिला |
| १९ | नगरस्तरीय योजना तर्जुमा बाल भेला | 80,000.00 | सदर गर्ने : शोभा शाह | वटा | १ | ० | पटक | ० | 0.00% | 0 | 80,000.00 | पटक | 1 | बामैत्री | |
| २० | नीलसागर सेवाआश्रम आश्रय लिएका व्यक्तिको व्यवस्थापन कार्यक्रम | 900,000.00 | | | वटा | १ | ० | | ० | 0.00% | 0 | 900,000.00 | | 1 | बालबालिका |
| २१ | प्रत्येक वडामा भएका बालक्लव तथा नगरस्तरिय बालक्लव सञ्जालको चौमासिक प्रगति समिक्षा कार्यक्रम | 90,000.00 | | | वटा | ३ | ० | पटक | ० | 0.00% | 0 | 90,000.00 | पटक | 3 | बालबालिका |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२ | बाँके नेत्रहिनसँघलाई सहयोग कार्यक्रम | 200,000.00 | | | वटा | १ | **०** | पटक | ० | **0.00%** | **0** | **200,000.00** | पटक | 1 | प्रवद्धन |
| २३ | बाल कोष सञ्चालन निरन्तरता | 100,000.00 | | | वटा | १ | **०** | पटक | ० | **0.00%** | **0** | **100,000.00** | पटक | 1 | बालबालिका |
| २४ | बाल विवाह मुक्त नगरपालिका दिगोपना कार्यक्रमका लागि वडा स्तरिय बाल अधिकार समिति, बालक्लव, धर्म गुरु तथा सरोकारवालाहरुलाई अभिमुखिकरण र प्रतिवद्धता लिने कार्यक्रम १ दिने | 300,000.00 | | | वटा | 7 | **२७९५२८** | पटक | **७** | **93.18 %** | **100** | **20,472.00** | पटक | 0 | बालबालिका |
| २५ | बालगृह, पुनर्स्थापना केन्द्र बुथ समेत, बयस्क मनोरञ्जन क्षेत्र, बाल श्रम, बाल संरक्षण लगायतका जोखिमयुक्त स्थानको स्थलगत अनुगमन | 100,000.00 | | | वटा | ५ | **०** | पटक | ० | **0.00%** | **0** | **100,000.00** | पटक | 5 | बालबालिका |
| २६ | बालबालिकाको नगर भेलाबाट माग भएको कार्यक्रम अन्तरगत क) बाल अधिकार र बाल संरक्षणका विषायमा स्थानीय सरकार र गैरसरकारी संस्थाबीच समन्वय सहकार्यमा बालमैत्री सवालको सम्वोधनको अवस्थाका विषयमा सम्वाद गर्नु पर्ने ख) नगर सञ्जालका बालबालिकाको बालबालिकाको | 100,000.00 | | | वटा | ३ | **०** | वटा | ० | **0.00%** | **0** | **100,000.00** | वटा | 3 | बालबालिका |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नेतृत्व विकास(बाल मैत्री स्थानीय शासन सम्वन्धी) ग)बालक्लवका पदाधिकारीलाइ उद्धोषक तालिम | | | | | | | | | | | | | | |
| २७ | बालबालिकाको बालमैत्री स्थानीय शासन सम्बन्धी क्षमता विकास कार्यक्रम | 600,000.00 | | | वटा | ६ | ० | वटा | ० | 0.00% | 0 | 600,000.00 | वटा | 6 | बालमैत्री |
| २८ | बालमैत्रि नगर घोषणाका लागि कार्यक्रम चालु | 1,217,000.00 | | | वटा | ९ | ० | पटक | ० | 0.00% | 0 | 1,217,000.00 | पटक | 9 | बालबालिका |
| २९ | बालमैत्री स्थानीय शासन सम्वन्धी कार्यक्रमको सामाजिक परिक्षण | 100,000.00 | | | वटा | 1 | ० | पटक | ० | 0.00% | 0 | 100,000.00 | पटक | 1 | अपांगता |
| ३० | बौद्धिक अपाङ्गता सम्वन्धि कार्यक्रम | 300,000.00 | | | वटा | निरन्तर | ० | पटक | ० | 0.00% | 0 | 300,000.00 | पटक | #### | बालबालिका |
| ३१ | महिला उद्यमी संघद्वारा उत्पादित बस्तुहरुको बजारीकरण र प्रबर्दनका लागि प्रदर्शनी मेला कोशेली घर मार्फत | 200,000.00 | | | वटा | १ | ० | पटक | ० | 0.00% | 0 | 200,000.00 | पटक | 1 | महिला |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३२ | महिला उद्यमीको व्यवसाय विस्तार एवं विकासका लागि बजार र सरोकारवालाको सर्भेक्षण एवं समन्वय बैठक तथा अन्तरक्रिया नयाँ सिकाइ, उद्यमिसंग साथ सम्पर्क विस्तार | 100,000.00 | | | वटा | ४ | ० | पटक | ० | 0.00% | 0 | 100,000.00 | पटक | 4 | महिला |
| ३३ | महिला जनप्रतिनिधिहरुलाई नयाँ कानूनी व्यवस्था तथा सिडअ र प्रस्ताव नम्बर १३२५ र १८२० ,तथा बेइजिङ घोषणा र विपदमा लैंगिक समानता अपांगता र सामाजिक समावेशीकरण रणनितिक कार्ययोजना -२०८१(संघ सरकारको) सम्बन्धी क्षमता विकास सम्बन्धी तालिम | 150,000.00 | | | वटा | १ | ० | पटक | ० | 0.00% | 0 | 150,000.00 | पटक | 1 | महिला |
| ३४ | महिला विकास कार्यक्रम अन्तरगत महिला समिति संस्थाका अध्यक्ष एवं व्यवस्थापक विच अर्धवार्षिक अन्तरक्रिया २ दिने | 150,000.00 | | | वटा | २ | ० | पटक | ० | 0.00% | 0 | 150,000.00 | पटक | 2 | महिला |
| ३५ | महिला सम्मान कार्यक्रम | 50,000.00 | | | वटा | २ | ० | पटक | ० | 0.00% | 0 | 50,000.00 | पटक | 2 | महिला |
| ३६ | महिला समुह सदस्यको अनुशिक्षण ३ दिने गाउँ टोल स्तर | 400,000.00 | | | वटा | ४ | ० | जना | ० | 0.00% | 0 | 400,000.00 | जना | 4 | महिला |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३७ | महिला संस्था, समूह समितिका सदस्यहरुलाई आधारभूत तालिम ७ दिने | 260,000.00 | | | वटा | १ | ० | पटक | ० | 0.00% | 0 | 260,000.00 | पटक | 1 | महिला |
| ३८ | मानव वेचविखन तथा नियन्त्रण सम्बन्धी नगर स्तरिय समितिको बैठक संचालन एवं व्यवस्थापन वयस्क मनोरन्जन क्षेत्र अनुगमन समिति गठन | 50,000.00 | | | वटा | २ | ० | पटक | ० | 0.00% | 0 | 50,000.00 | पटक | 2 | महिला |
| ३९ | मानव सेवा आश्रमलाई व्यवस्थापन सहयोग | 650,000.00 | | | वटा | १ | ० | पटक | ० | 0.00% | 0 | 650,000.00 | पटक | 1 | महिला |
| ४० | लैंगिक तथा यौनिक अल्पसंख्यकसँग सम्वन्धित सहयोग कार्यक्रम | 150,000.00 | | | वटा | १ | ० | पटक | ० | 0.00% | 0 | 150,000.00 | पटक | 1 | lgbtqi |
| ४१ | लैंगिक हिंसा निगरानी संजाल बैठक सञ्चालन एवं व्यवस्थापन | 50,000.00 | | | वटा | ४ | ० | पटक | ० | 0.00% | 0 | 50,000.00 | पटक | 4 | महिला |
| ४२ | लैंगिक हिंसा निवारण कोष | 20,000.00 | | | वटा | १ | ० | पटक | ० | 0.00% | 0 | 20,000.00 | पटक | 1 | महिला |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४३ | लैंगिक हिंसा निवारणका लागि निगरानी समूहलाई अनुशिक्षण(विपदमा जोखिम समुहको हिंसा न्यूनिकरणप्रतिको सम्वेदनशिलता समेत) | 320,000.00 | **990** | | वटा | ४ | **०** | **पटक** | ० | **0.00%** | **0** | **320,000.00** | पटक | 4 | महिला |
| ४४ | लैंगिक हिंसा निवारणमा पुरुष सहभागिता प्रवर्द्धनका लागि सशक्तिकरण सहकार्य तालिम ३ दिने गाउँस्तर (लैंगिक समविकास तालिम) | 150,000.00 | | | वटा | २ | **०** | **पटक** | ० | **0.00%** | **0** | **150,000.00** | पटक | 2 | महिला |
| ४५ | वडा नं १ को स्वावलम्बी ज्यष्ठ नागरिक समाजले सञ्चालन गरेको दिवा सेवा केन्द्रलाई सञ्चालन सहयोग | 50,000.00 | | | महिना | १ | **०** | **पटक** | ० | **0.00%** | **0** | **50,000.00** | **पटक** | 1 | अपांगता |
| ४६ | वडा नं ४ को जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन | 50,000.00 | | | वटा | ० | **०** | **पटक** | ० | **0.00%** | **0** | **50,000.00** | **पटक** | 0 | महिला |
| ४७ | वडास्तरिय समिति पुन गठन तथा का पदाधिकारीहरुलाई मानव बेचविखन बिरुद्र सम्बन्धी अभिमुखिकरण | 250,000.00 | | | वटा | १० | **०** | **पटक** | ० | **0.00%** | **0** | **250,000.00** | **पटक** | 10 | महिला |
| ४८ | वडास्तरीय मानव वेचविखन नियन्त्रण समिति गठन र अभिमूखिकरण | 150,000.00 | | | वटा | ६ | **०** | **समुह** | ० | **0.00%** | **0** | **150,000.00** | **समुह** | 6 | महिला |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४९ | विपन्न तथा ग्रामिण महिला सशक्तिकरण कार्यक्रम(सीप विकास ) | 600,000.00 | | | वटा | १ | ० | **समिति** | ० | **0.00%** | **0** | **600,000.00** | **समिति** | 1 | महिला |
| ५० | समूह गठन र परिचालन,समिति गठन र परिचालन निगरानी समूह र नियमित सेवा समेतमा फिल्डमा खटिने कर्मचारीहरुको यातायात समेत | 40,000.00 | | | वटा | ५ | ० | वटा | ० | **0.00%** | **0** | **40,000.00** | वटा | 5 | महिला |
| ५१ | संस्था प्रारम्भिक दर्ताका लागि समन्वय तथा अभिलेखिकरण तदर्थ समिति गठन | 30,000.00 | | | वटा | १ | ० | पटक | ० | **0.00%** | **0** | **30,000.00** | पटक | 1 | प्रवद्र्धन |
| ५२ | साथी संस्थाको सेल्टर व्यवस्थापन कार्यक्रम | 600,000.00 | | | वटा | १ | ० | पटक | ० | **0.00%** | **0** | **600,000.00** | पटक | 1 | महिला |
| ५३ | सामुदायिक विद्यालयका बालबालिकालाई आत्मसुरक्षा तालिम | 200,000.00 | | | विद्यालय | १२ | ० | पटक | ० | **0.00%** | **0** | **0.00** | पटक | 12 | प्रवद्र्धन |
| ५४ | महिला उद्यमी र उद्यमिलता निरन्तरताको लागि बस्तुगत सहयोग | 70,000.00 | | | वटा | १ | ० | | ० | 0.00 % | **0** | 70,000.00 | | 1 | |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५५ | कोशेली घर व्यवस्थापन सहयोग (पर्खाल निर्माण) | 300,000.00 | | | वटा | 1 | ० | | ० | 0.00 % | 0 | 300,000.00 | | | |
| जम्मा | | **14407000.00** | | | | **69** | **279528** | | **7** | **1.69 %** | **1.4** | **13927472.00** | | | |

## ६) पञ्जीकरण तथा सामाजिक सुरक्षा शाखा

### आ.ब.२०८२।०८३ अन्तर्गतका साउन महिना देखि असोज सम्मका प्रगति विवरण

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने (वडा नं.१ देखि २३) सम्मका लक्षित समुहहरु :

अन्य जेष्ठ नागरिक भत्ता (६८ वर्ष), जेष्ठ नागरिक भत्ता, जेष्ठ नागरिक एकल महिला भत्ता, विधवा भत्ता, पुर्ण अपाङ्ता भत्ता, अति अशक्त अपाङ्ता भत्ता, दलित बालबालिका भत्ता, लोपोन्मुख जाति भत्ता रहेका छन् ।

- प्रथम किस्ता अन्तर्गत
- कुल लाभग्राही संख्या: ११७६५
- विनियोजित बजेट: रु.१०,८३,७२,१४९/- (अक्षेरुपी दश करोड त्रियासी लाख बहत्तर हजार एक सय उन्पचास मात्र ।)
- EFT मार्फत सामाजिक सुरक्षा भत्ता वितरण भई रहेको छ ।
- अन्य:
- वार्षिक कार्यान्वयन कार्ययोजना तयार गरी स्वीकृत भएको ।
- जेन-जी आन्दोलनमा भएको क्षतिको प्रतिवेदन तयार परी पेश गरिएको ।

## ७) सहकारी शाखा

**आ.व.२०८२।०८३ को श्रावण देखि असोज सम्मको प्रगति विवरण**

| क्र.सं. | विवरण | कार्यक्रम कार्यन्वयनको अवस्था | विनियोजित बजेट | खर्च भएको रकम |
|---|---|---|---|---|
| १ | सहकारी संस्थाका लेखा सुपरिवेक्षण समितिका लागि तालिम | सम्पन्न भएको | १००००० | ५०००० पेश्की |

## ८) रोजगार सेवा केन्द्र

**मुख्य क्रियाकलापहरुः-**


१. वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवा अन्तर्गत १ जना मृत्यु, १ जना बिरामी अंगभंगको लागि सहजीकरण गरिएको

२. वैदेशिक रोजगारीको लागि ४४ जनाको श्रम स्वीकृतिको सहजीकरण गरिएको

३. बार्षिक प्रगति प्रतिवेदन तयारी तथा मन्त्रालय, प्रदेशमा पठाईएको

४. महिला लक्षित क्लब संचालन तथा व्यवस्थापन कार्यविधि २०८२ तयार गरिएको

## ९) भवन अनुमति तथा मापदण्ड कार्यान्वयन शाखा



नेपालगंज उप - महानगरपालिका
उप महानगरपालिकाको कार्यालय
भवन अनुमति तथा मापदण्ड कार्यान्वयन शाखा

| सि.न | २०८२ आशार १ गते देखि कार्तिक ३० गते सम्म | जम्मा |
|---|---|---|
| १ | प्लिन्थ लेभल ईजाजत | ६२ |
| २ | सुपरस्टक्चर ईजाजत | ११५ |
| ३ | सम्पन्न प्रमाणपत्र | ५७ |
| ४ | बनि सकेको घरको नक्शा अभिलेखीकरण | ४७ |
| ५ | नामसारी | १९ |

## १०) भूमी व्यवस्थापन शाखा

**नापी तथा भुमी व्यवस्थापन शाखा श्रावण, भदौ र असोज महिनाको प्रगति विवरण**

१. घरनक्सा सम्बन्धी कार्यको फिल्ड ५० वटा
२. जग्गा विवादको फिल्ड- १० वटा
३. बाटो रेखांकन- ५ वटा
४. सरकारी तथा सार्वजनिक जग्गाको रेखांकन- ५ वटा
५. घर बाटो प्रमाणित- १० वटा ।

## ११) नगर प्रहरी शाखा ।

**आ.व.२०८२/०८३ मा नगर प्रहरी शााखाबाट भए गरेको पहिलो त्रैमासिक प्रगती विवरणहरु**

| क्र. सं. | विवरण |
|---|---|
| १ | नगर क्षेत्र भित्र सर्वसाधारणको सहजताको लागि बजार क्षेत्र भित्र हुने अतिक्रमणहरु नियमित रुप हटाउँने कार्य गरिएको । |
| २ | सेवाग्राहीले दर्ता गराएको उजुरी निवेदन उपर स्थलगत निरीक्षण गरी आवश्यक कारबाहीको ल प्रतिवेदन लेखन गरी सम्बन्धित शाखामा पठाईएको । |
| ३ | बजार भित्र म्याद नाघेका ब्यानरहरु हटाउँने कार्य गाीरिएको । |
| ४ | सार्वजनिक आवागमनमा बाधा पुर्‍याई रहेका निर्माण सामाग्री तथा पसल व्यवसायबाट भएको अवरोधहरु स्थलगत रुपमै गई हटाउँने कार्य गरिएको । |

| | |
|---|---|
| ५ | नेपालगन्ज उपमहानगरपालिका क्षेत्र भित्र सडक,बाटो,चोक तथा बजार भित्र अस्तव्यस्त तरिकाले ट्राफिक जाम हुने गरी छरिएर रहेका ठेलाहरुलाई हटाउँने कार्य गरिएको । |
| ६ | मिति २०८२/०५/२४ गते जेन जीहरुको आन्दोलनले तोडफोड,आगजनी गरी कार्यालय ध्वस्त गराएपछि जलेर नष्ट भएका सामाग्रीहरु सरसफाई गर्ने कार्य गरिएको । |
| ७ | जेन जी आन्दोलनबाट कार्यालयमा तोडफोड,आगजनी भएछि कार्यालयमा थप क्षती हुन नदिन रातीमा समेत ड्यूटी गर्ने कार्य गरिएको । |
| ८ | छठ पर्वमा बागेश्वरी मन्दिर अगाडीको बाटोमा हुने भिडभाडलाई मध्यनजर गरी पार्किङ व्यवस्थापन गर्ने कार्य गरिएको । |
| ९ | नेपालगन्ज उप-महानगरपालिकाको कार्यालयले तोकेका अन्य कार्यहरु गरिएको । |

**आ.व.२०८२/२०८३ को पहिलो त्रैमासिकमा नगर प्रहरी शाखाबाट अनुगमन तथा सेवाग्राहीले दिएको निवेदन उपर कार्य सम्पादन गरिएको जम्मा संख्या ।**

| महिना | सेवाग्राहीको उजुरी निवेदनको संख्या | आवश्यक कारबाहीको लागि सम्बन्धित शाखालाई प्रतिवेदन लेखी पठाईएको संख्या | कैफियत |
|---|---|---|---|
| साउन | जेन जी आन्दोलनको आगजनीले गर्दा रेकर्ड नष्ट भएको । | - | |
| भदौ | जेन जी आन्दोलनको आगजनीले गर्दा रेकर्ड नष्ट भएको । | - | |
| असोज | ६ | ६ | ६ वटा मध्ये ४ वटा प्रतिवेदन नापी शाखामा र २ वटा प्रतिवेदन कानुन शाखामा आवश्यक कारबाहीको लागि पठाइएको । |
| **जम्मा:** | **६** | **६** | |

**नगर प्रहरी शाखाको लागि बिनियोजन भएको बजेटबाट जिन्सी शाखाद्वारा खरिद भएको सामाग्रीहरुको विवरण ।**

| क..सं. | खर्च शिर्षक | संख्या | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| १. | Laptop | १ | जिन्सी शाखाद्वारा खरिद । | |
| २ | Photocopy machine | १ | जिन्सी शाखाद्वारा खरिद । | |
| ३ | C.P.U. | १ | जिन्सी शाखाद्वारा खरिद । | |
| ४ | Office Table | २ | जिन्सी शाखाद्वारा खरिद । | |
| ५ | Daraz | २ | जिन्सी शाखाद्वारा खरिद । | |

## १२) बारुणयन्त्र शाखा

### श्रावण महिनामा आगलागीको

| सि. नं. | आगलागी भएको मिति | आगलागी सुचना प्राप्त समय | आगो निभाउन | | आगलागीको बिबरण (स्थान, कारण, किसिम) | अन्दाजी क्षति बिबरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रस्थान समय | लागेको समय | | धन | जिन्सी | चौपाया | |
| | २०८२।४।२२गते | राति ०१०५ वजे | राति ०११० वजे | राति ०२०५सम्म (५५ मिनेट) | नेपालगंज उप-महानगरपालिका वडा नं.२ न्युरोड सेतु बि.क. चोक नजिक रहेको जय प्रकाश श्रेष्ठको घरमा प्रसे बडुवालले संचालन गर्दै आएको साथी सौरभ रेष्टुरेन्ट एण्ड सेकुवा कर्नरमा राति अचानक बिधुतको तार सर्ट सर्किट भई आगलागी हुंदा प्रहरीबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र इकाईबाट दमकल सहित फायर फाईटिङ टिम गई आगलागी नियन्त्रण गरेको । आगोलागीबाट उक्त सेकुवा कर्नरमा भएका फ्रिज, प्लास्टिक कुर्चीं, टेवल, वाइफाई राउडर, वाईरिङ्.ग, जिप्सन, प्लाई आदि सामानहरु जलेर क्षति भएको । | | Y | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०८२।४।२४गते | बिहान ०६१० वजे | बिहान ०६१३ वजे | बिहान ०६४०सम्म (२७ मिनेट) | नेपालगंज उप-महानगरपालिका वडा नं.३ त्रिबेणीमोड स्थित बिधुतको पोलमा बिधुतको तार सर्ट सर्किट भई आगलागी हुंदा खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र इकाईबाट फायर बाईक सहित फायर फाईटि¨ टिम गई २ वटा फायरएक्टीङ्.ग गुईसरको सहायताले आगलागी नियन्त्रण गरेको । आगोलागीबाट बिधुत पोलमा भएको तार जेलको । | | Y | | |
| | २०८२।४।२४गते | बिहान ०७२० वजे | बिहान ०७२५ वजे | बिहान ०८००सम्म (३५ मिनेट) | नेपालगंज उप-महानगरपालिका वडा नं.२० रांझा एयरपोर्ट प्रबेशव्दार नजिक बिधुतको पोलमा तार सर्ट सर्किट भई आगलागी हुंदा खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र इकाईबाट दमकल सहित फायर फाईटि¨ टिम पुगेको तर आगलागी नियन्त्रण भैसकेको । | | Y | | |
| | २०८२।४।३०गते | राति १०४० वजे | राति १०४५ वजे | राति १२५५ सम्म (२घण्टा १० मिनेट) | नेपालगंज उप-महानगरपालिका वडा नं.१३ तेलियनपुर स्थित गोबिन्द बुढा मगरको लियाना पोल्टी फर्ममा बिधुत लाईन सर्ट भई आगोलागी हुदा स्थानिय व्यक्तिबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र इकाईबाट २ दमकल सहित फायर फाईटि¨ टिम गई आगलागी नियन्त्रण गरेरको । आगलागीबाट खरको छाना भएको खाली पोल्टी फर्म जलेको | | Y | | |

## भाद्र महिनामा आगलागीको बिबरण फारम

| सि. नं. | आगलागी भएको मिति | आगलागी सुचना प्राप्त समय | आगो निभाउन प्रस्थान र लागेको समय | | आगलागीको बिबरण (स्थान, कारण, किसिम) | अन्दाजी क्षति बिबरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ३४ | २०८२।५।२४ | दिउसो १३१६वजे | दिउसो १३२०वजे | दिउसो १३५० सम्म ३० मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१० एमाले पार्टी कार्यालयमा जिएनजी आन्दोलनकारीहरुले आगो लगाएपछि नगर प्रमुख ज्युबाट खबर प्राप्त हुनासाथ दमकल सहित फायर फायटिङ्.ग टोली घटना स्थलमा पुगेको तर आदोलनकारीहरुले बिच्छाईएको पाईप थुतेर फालिदिएको र पानी हाल्न नदिई दमकल तोडफोड गर्न खोजेकोले फर्केको । | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३५ | २०८२।५।२४ | दिउसो १४०५वजे | दिउसो १४१०वजे | दिउसो १५१० सम्म १ घण्टा | नेपालगंज उप-महानगरपालिका वडा नं.१० कांग्रेश पार्टी कार्यालयमा जिएनजी आन्दोलनकारीहरुले आगो लगाएपछि नगर प्रमुख ज्युबाट खबर प्राप्त हुनासाथ दमकल सहित फायर फायटिङ्.ग टोली घटना स्थलमा पुगी स्थानिय व्यक्तिको सहयोगमा आगोलागी नियन्त्रण गरेको । | | | | |
| ३६ | २०८२।५।२४ | दिउसो १५१०वजे | दिउसो १५१०वजे | दिउसो १५३५ सम्म २५ मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१२ स्थित उप महानगरपालिकाको कार्यलयमा जिएनजी आन्दोलनकारीहरुले आगो लगाएपछि दमकल सहित फायर फायटिङ्.ग टोली घटना स्थल नजिक पुदा आन्दोलनकारी समुहले दमकललाई आगो निभाउन नदिई तोडफोड गर्न खोजेकोले फर्केको । | | | | |
| ३७ | २०८२।५।२४ | दिउसो १६०५वजे | दिउसो १६१०वजे | दिउसो १७१५ सम्म १ घण्टा ५ मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१३ स्थित जिल्ला प्रशासन कार्यालयमा जिएनजी आन्दोलनकारीहरुले आगो लगाएपछि ससस्त्र प्रहरीको सहयोगमा दमकल सहित फायर फायटिङ्.ग टोली घटना स्थलमा पुगी केही हद सम्म आगोलागी नियन्त्रण गरेको । | | | | |
| ३८ | २०८२।५।२४ | दिउसो १६०५वजे | दिउसो १६१०वजे | दिउसो १७१० सम्म १ घण्टा | नेपालगंज उप-महानगरपालिका वडा नं.१० स्थित पुनराबेदन अदालतमा जिएनजी आन्दोलनकारीहरुले आगो लगाएपछि ससस्त्र प्रहरीको सहयोगमा दमकल सहित फायर फायटिङ्.ग टोली घटना स्थलमा पुगी भेरी हस्पीटल तर्फ लागेको आगो केही नियन्त्रण गरेको आन्दोलनकारीहरुले बांकी आगो निभाउन नदिएपछि फर्केको । | | | | |
| ३९ | २०८२।५।२४ | राति २०५५वजे | राति २०५५वजे | राति ०१५० सम्म ४ घण्टा ५५ मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१२ स्थित उप महानगरपालिकाको कार्यलयमा जिएनजी आन्दोलनकारीहरुले आगो लगाए पछि सांझ १७३०देखि १८००बजे सम्म दमकल सहित फायर फायटिङ्.ग टोली पुगी आगोलागी नियन्त्रण गर्न खोज्दा आन्दोलनकारीहरुले बिरोध गरि तोडफोड गर्न खोजेकोले पर्केको र पछि राति २०५५देखि ०१५०सम्म उप महानगरपालिकामा आन्दोलनकारीहरुले लगाएको आगो नियन्त्रण गरेको । | | | | |
| ४० | २०८२।५।२४ | राति २२४०वजे | राति | राति | नेपालगंज उप-महानगरपालिका वडा नं.१३ स्थित जिल्ला प्रशासन कार्यालयमा जिएनजी | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २२४५वजे | ०११५ सम्म<br>२ घण्टा<br>३० मिनेट | आन्दोलनकारीहरुले लगाएको आगो नियन्त्रणको लागि सि.डि.ओ. सापबाट पुन: खबर प्राप्त भएकोले दमकल सहित फायर फायटिङ्ग टोलि गई आगोलागी नियन्त्रण गरेको । | | | | |
| ४१ | २०८२।५।२५ | बिहान<br>०५१५वजे | बिहान<br>०५२०वजे | बिहान<br>११३०सम्म<br>६ घण्टा<br>१० मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१२ स्थित उप महानगरपालिकाको कार्यलयमा जिएनजी आन्दोलनकारीहरुले लगाएको आगो केही स्थानमा पुन: फेरि सल्केको हुंदा राजन के.सी. सरले खबर गरेकोले दमकल सहित फायर फायटिङ्ग टोली गई आगलागी पुर्णरुपमा नियन्त्रण गरेको । | | | | |
| ४२ | २०८२।५।२५ | दिउसो<br>१२००वजे | दिउसो<br>१२१५वजे | दिउसो<br>१५००<br>२ घण्टा<br>१५ मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१३ स्थित जिल्ला प्रशासन कार्यालयमा जिएनजी आन्दोलनकारीहरुले लगाएको आगो नियन्त्रणको लागि सि.डि.ओ. सापबाट पुन: खबर प्राप्त भएकोले दमकल सहित फायर फायटिङ्ग टोलि गई आगोलागी<br>पुर्णरुपमा नियन्त्रण गरेर फर्केको । | | | | |
| ४३ | २०८२।५।२५ | दिउसो<br>१४००वजे | दिउसो<br>१४०५वजे | दिउसो<br>१५२५ सम्म<br>१ घण्टा<br>२० मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.९ स्थित जिल्ला अदालतमा जिएनजी आन्दोलनकारीहरुले लगाएको आगो नियन्त्रण गर्न प्रमुख प्रशासकिय अधिकृतज्यु बाट खबर प्राप्त भएकोले<br>दमकल सहित फायर फायटिङ्ग टिम गई आगोलागी नियन्त्रण गरेको । | | | | |
| ४४ | २०८२।५।२५ | दिउसो<br>१४३५वजे | दिउसो<br>१४४० वजे | दिउसो<br>१७००<br>२ घण्टा | नेपालगंज उप-महानगरपालिका वडा नं.१६ जैसपुर स्थित भन्सार कार्यलयमा जिएनजी आन्दोलनकारीहरुले लगाएको आगो नियन्त्रणको लागि भन्सार कार्यलयबाट खबर प्राप्त भएकोले दमकल सहित फायर फायटिङ्ग टोलि गई आगोलागी | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २० मिनेट | नियन्त्रण गरेर फर्केको । | | | | |
| ४५ | २०८२।५।२५ | साझ १७२५वजे | साझ १७३०वजे | साझ १८२०सम्म ५० मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१५ जमुनाहा स्थित भन्सार कार्यलयको कर्मचारी निवास भित्र रहेको गोदाममा जिएनजी आन्दोलनकारीहरुले लगाएको आगो नियन्त्रणको लागि प्रमुख प्रशाकिय अधिकृत ज्युबाट खबर प्राप्त भएकोले दमकल सहित फायर फायटिङ्ग टोलि गई आगोलागी नियन्त्रण गरेर फर्केको । | | | | |
| ४६ | २०८२।५।२५ | साझ १८२५वजे | साझ १८३०वजे | साझ १९१०० सम्म ४० मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१३ सरकारी वकिल कार्यलयमा जिएनजी आन्दोलनकारीहरुले लगाएको आगो नियन्त्रणको लागि प्रमुख प्रशाकिय अधिकृत ज्युबाट खबर प्राप्त भएकोले दमकल सहित फायर फायटिङ्ग टोलि गई आगोलागी नियन्त्रण गरेर फर्केको । | | | | |
| ४७ | २०८२।५।२६ | बिहान ०८५५वजे | बिहान ०९००वजे | बिहान १०३०सम्म १ घण्टा ३० मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१३ स्थित जिल्ला प्रशासन कार्यालयमा जिएनजी आन्दोलनकारीहरुले लगाएको आगो एक ठाउंमा पुन: देखिएकोले प्रमुख जिल्ला अधिकारी ज्युबाट खबर प्राप्त भएकोले दमकल सहित फायर फायटिङ्ग टोलि गई आगोलागी पुर्णरुपमा नियन्त्रण गरेर फर्केको । | | | | |
| ४८ | २०८२।५।२६ | बिहान ०९३०वजे | बिहान ०९३५वजे | दिउसो १२२०सम्म २ घण्टा ४५ मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.९ स्थित जिल्ला मालपोत कार्यालयमा जिएनजी आन्दोलनकारीहरुले लगाएको आगो नियन्त्रण गर्न प्रमुख प्रशासकिय अधिकृतज्यु बाट खबर प्राप्त भएकोले दमकल सहित फायर फायटिङ्ग टिम गई आगोलागी नियन्त्रण गरेको । | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४९ | २०८२।५ ।२६ | दिउसो १५३२वजे | दिउसो १५३५व जे | दिउसो १६५० सम्म १ घण्टा १५ मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१० स्थित जिल्ला कारागारमा कैदि बन्दीहरुले गारागार भित्र आन्दोलन गरि आगजनी गरेर भाग्न खोज्दा नगर प्रमुखज्युबाट खबर प्राप्त भएकोले दमकल सहित फायर फायटिङ्.ग टिम गई कारागारमा लगाएको आगो नियन्त्रण गरेको । | | | | |
| ५० | २०८२।५ ।३० | दिउसो ११४५वजे | दिउसो ११५०व जे | दिउसो १२५५ सम्म १ घण्टा ५ मिनेट | नेपालगंज उप-महानगरपालिका वडा नं.१२ स्थित आन्तरिक राजश्व कार्यालयमा जिएनजी आन्दोलनकारीहरुले लगाएको आगो नियन्त्रण गर्न प्रमुख प्रशासकिय अधिकृतज्यु बाट खबर प्राप्त भएकोले दमकल सहित फायर फायटिङ्.ग टिम गई आगोलागी नियन्त्रण गरेको । | | | | |

# असोज महिनामा आगलागीको बिबरण फारम

| सि. नं. | आगलागी भएको मिति | आगलागी सुचना प्राप्त समय | आगो निभाउन | | आगलागीको बिबरण (स्थान, कारण, किसिम) | अन्दाजी क्षति बिबरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रस्थान समय | लागेको समय | | धन | जिन्सी | चौपाया | |
| | २०८२।६।१८गते | दिउसो १२२५ वजे | दिउसो १२३० वजे | दिउसो १४१० सम्म (१घण्टा ४०मिनेट) | डुडुवा गा पा वडा न ६ हिरमिनिया चौराहा स्थित हिन्दू र मुस्लिम समुदाय वीच भएको बिबादको कारण चौराहामा रहेका बिभिन्न पसलहरुमा आगजनी भएको खबर प्रहरीबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र इकाईबाट दमकल सहित फायर फाईटि¨ टिम गई आगलागी नियन्त्रण गरेर फर्केको । उक्त बिबादको कारण कपाल काट्ने घुम्ति मोटर मरामत गर्ने घूम्ति कपडा सिलाउने घुम्ति मोबाइल पसल मोटर साइकल ग्यारेज र कपडा पसलमा आगजनी भएको थियो । | | Y | | |
| | २०८२।६।१८गते | साझ | साझ | राति | डुडुवा गा पा वडा न ६ हिरमिनिया चौराहा स्थित हिन्दू र मुस्लिम समुदाय वीच भएको बिबाद पुन बढेको कारण हिरमिनिया स्थित | | Y | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १६२५ वजे | १६३० वजे | २२०५ सम्म (५घण्टा ३५मिनेट) | पोल्टी फर्ममा आगो लगाएका हुदा प्रहरीबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र इकाईबाट दमकल सहित फायर फाईटि¨ टिम गई आगलागी नियन्त्रण गर्न लागेका तर बिबादको कारण आगलागि नियन्त्रणा गर्न नदिएकोले दमकल त्यही स्टेनवाइ बसी राति फर्किएका । | | | | |
| | २०८२।६।२६गते | बिहान ०८१५ वजे | बिहान ०८२० वजे | बिहान १११५सम्म (२ घण्टा ५५ मिनेट) | कोहलपुर नगरपालिका वडा नं.९ पिपिरी स्थित मनकामना उड क्राफ्ट प्रा लि प्लाइ उधोगमा अचानक बिधूत सर्ट सर्किट भइ आगलागी हुंदा प्रहरीबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र इकाईबाट दमकल सहित फायर फाईटि¨ टिम गइ आगलागी पुर्णरुपमा नियन्त्रण गरेको । | | Y | | |
| | २०८२।६।२८गते | साझ १८४५ वजे | साझ १८४८ वजे | राति १९१५ सम्म (२७ मिनेट) | नेपालगंज उप-महानगरपालिका वडा नं.८ महेन्द्र रगशाला गेट निजक रोड साइडमा पार्किङ्ग गरी राखेका वडा न ८का फोहोर बोक्ने ट्याक्टरमा अज्ञात व्यक्तिले आगो लगाइ दिएकोले नगर पालिका कर्मचारी दिपेश श्रेष्ठबाट खबर प्राप्त हुनासाथ यस बारुणयन्त्र इकाईबाट दमकल सहित फायर फाईटि¨ टिम गई आगलागी नियन्त्रण गरेर फर्केको । | | Y | | |

## १३) आयूर्वे दशाखा

१) आ.ब २०८२।०८३ को वार्षिक कार्ययोजना बनाई कार्यान्वयनमा रहेको ।
२.जिल्ला आयुर्वेद स्वास्थ्य सँग स्तनपान सप्ताह मनाइएको ।
३.मातहत ३ वटा आयूर्वेद औषधालयहरुको अनुगमन तथा सहजीकरण भईरहेको ।

## १४) वातावरण तथा सरसफाइ शाखा

आ.व. २०८१।८२, अन्तिम त्रैमासिक प्रगती विवरण

१) नगरको वास क्षेत्रलाई थप प्रभावकारी बनाउन दैनीक रुपमा अवश्यक सरसफाइ गर्दै गरिरहेको।

२ Gen-z आन्दोलनको कममा भएका भोतीक सरचना तथा कागजातहरु पूर्ण रुपमा क्षति र आगलागी भएको ।

## १५) कानून शाखा

- चालु आ.व.२०८२।०८३ का लागि शाखाले सम्पादन गर्नुपर्ने कार्ययोजना स्वीकृत गरिएको ।
- जेन जी आन्दोलनका क्रममा मिति २०८२।०५।२५ गते भएको तोडफोड, लुटपाट र आगजनीका क्रममा सो सम्बन्धि सम्पुर्ण कागजातहरु जली नष्ट भएको सम्बन्धमा शाखाबाट भएको क्षतिको विवरण तयार गरी मुचुल्का समितिलाई प्रतिबेदन पेश गरियो ।

**(कानून शाखामा भएका उजुरी निवेदन सहितको फाईल र छिनुवा भई सकेको फाईलहरु साथै अन्य विभिन्न किसिमको निवेदन र पुरानो मिसिल कागजात पूर्ण रुपमा जली नष्ट भएको )**

## १६) पशु शाखा

**मिति २०८२।०१।०१ गते देखि २०८२ असार मसान्त सम्मको प्रगति**

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम सञ्चालन मिति | बिनियोजित बजेट | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | निशुल्क पशु स्वास्थ्य तथा परजिवि नियन्त्रण कार्यक्रम | २०८२।०३।०४ | १३०.० | १३०.० | वडा नं.१७ |
| २ | निशुल्क पशु स्वास्थ्य तथा परजिवि नियन्त्रण कार्यक्रम | २०८२।०३।०५ | १३०.० | १३०.० | वडा नं.१९ |
| ३ | गाई/भैसी प्रवर्द्धन कार्यक्रम | | ४००.० | ३००.० | वडा नं.१८,१९ र १७ को फर्म/समुह |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | भैसी प्रवर्द्धन कार्यक्रम वडा नं.१४ र २० | | २५००.० | १४००.० | वडा नं. १४ र २० का फर्महरुमा कार्यक्रम सञ्चालन |
| ५ | मासु पसल तथा मासु बजार अनुगमन | | १५०.० | १५०.० | |
| ६ | पशुमा भ्याक्सिनेसन कार्यक्रम | | ४५०.० | ४५०.० | |
| १.गाई/भैसी प्रवर्द्धन कार्यक्रम ४ वटा लक्ष्य रहेकेमा ३ वटा फर्ममा कार्यक्रम संचालन भएको ।<br>२.वडा नं. १७ र १९ वडामा निशुल्क पशु स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरिएको ।<br>३.२५ हजार बाखामा पिपिआर भ्याक्सिन,२० हजार गाई/भैसी भ्यागुते र चरचरे विरुद्धको भ्याक्सिन लगाईएको ।<br>४.नेपालगञ्ज नगर क्षेत्र भित्रका मासु पसलहरुको अनुगमन गरिएको । ५. भैसी प्रवर्द्धन कार्यक्रम वडा २० का ६ वटा फर्म र वडा १४ को १ वटा फर्म सञ्चालन गरिएको | | | | | |

## १७) कृषि शाखा

**आ।व २०८२/०८३ श्रावण १ गते देखि असोज मसान्त सम्ममा कृषि विकास शाखाबाट सम्पादन गरिएका कार्यहरुः**

१- कृषि पशुपन्छि तथा मत्स्य अध्यावधिक कार्यक्रम अन्तर्गत नेपालगन्ज वडा न १२ र वडा न १४ मा कृषक घरधुरि डाटा सर्वेक्षण गरि संघिय कृषि विकास मन्त्रालयमा ईन्ट्रि गराईएको ।

२- नेपालगन्ज वडा न १७ मा तरकारी खेति गर्ने कृषकहरुको भिण्डि बालिमा पिन्चिङ कार्य गरि आम किसानहरुलाई सो प्रविधिबारे जानकारि गराईएको ।

३- कृषि सामाग्रि कम्पनि ली बाँके र साल्ट ट्रेनिङ कर्पोरेशन नेपालगन्ज बाँके मार्फत वितरण गरिने युरिया डिएपि र पोटास रसायनिक मलखाद लाई नेपालगन्ज उप-महानगरको लागि छुट्याईएको निर्धारित मलको कोटा डिलरशिप प्राप्त २६ वटा सहकारिहरुलाई सिफारिस गरि पठाउने कार्य निरन्तर भएको ।

४-खाद्यान्न बालिको उन्नत बीउमा ५० प्रतिशत अनुदान तथा ढुवानि कार्यक्रमका लागि कृषि विकास शाखा बाट बीउ माग संकलनका लागि ७ दिने सुचना प्रकाशन गरि माग संकलन गरिएको र सो सुचना समयभित्रमा जम्मा ५५१८० केजी गहुँको बीउ माग संकलन भएको ।

५- शाखाको नियमित कामकाज अन्तर्गत सहकारि सँस्था नविकरणका लागि सिफारिस गरि पठाउने कार्य भएको ।

६- विभिन्न तरकारि तथा खाद्यान्न बालिनालिमा लागेका रोगकिरा नियन्त्रणका लागि शाखाबाट विषादि वितरण र आवश्यक प्राविधिक समन्वय गरिएको ।

## १८) राजस्व व्यबस्थापन शाखा

नेपालगञ्ज उप-महानगरपालिका

राजस्व व्यबस्थापन शाखा

मिति २०८२ श्रावण-२०८२ असोज सम्मको प्रगति प्रतिवेदन

- मिति २०८२ श्रावण-२०८२ असोज सम्म शिर्षक अनुसार राजस्व संकलन बिवरण

| क्र.सं. | राजस्व संकेत | राजस्व शीर्षक | रकम |
|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | २,१९,०३,२४८.१९ |
| २ | ११३१७ | वहाल कर | १,१६,१६,०७४.३७ |
| ३ | ११४५१ | सवारी साधन कर (साना सवारी) | ५७,१६०.०० |
| ४ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ९१०.०० |
| ५ | ११६३२ | अखेटोपहारमा लाग्ने कर | १२,१९,९०३.०० |
| ६ | ११६९१ | अन्य कर | ९६,७२६.०८ |
| ७ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ३०,३१,१०७.०० |
| ८ | १४२१२ | सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | २००.०० |
| ९ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ९,९९६.१५ |
| १० | १४२१६ | निजी धारा वापतको शुल्क | २,०००.०० |
| ११ | १४२१८ | विद्युत सेवा शुल्क | १,६३,३३३.७६ |
| १२ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | २२,४४,३१२.८६ |
| १३ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ८,४१,३९९.७० |
| १४ | १४२४१ | पार्किङ्ग शुल्क | ३१,४२,६३२.०० |
| १५ | १४२४२ | नक्सापास दस्तुर | ३९,२३,५५७.३२ |
| १६ | १४२४३ | सिफारिश दस्तुर | १८,०९,०६३.५५ |
| १७ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २,२४,३६०.०० |
| १८ | १४२४५ | नाता प्रमाणित दस्तुर | २७,२३०.०० |
| १९ | १४२४९ | अन्य दस्तुर | १,१९,९९०.०० |
| २० | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ७६,४५,१४८.०० |
| २१ | १४२६२ | विद्युत सम्बन्धी दस्तुर | ९०,८६८.०० |
| २२ | १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ५,२५०.०० |
| २३ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १,७०,१३९.०० |
| २४ | १५१११ | बेरूजू | २२,५७०.०० |
| २५ | ३३३४२ | मनोरञ्जन कर | ४१,४०,६८३.२७ |
| | | जम्मा | ६,२५,०७,८६२.२५ |

- मिति २०८२ श्रावण-२०८२ असोज सम्म दर्ता भएका नयाँ व्यवसायहरुको संख्या २०६ वटा

(भविन्द्र प्रसाद कंडेल)

अधिकृत

## १९) विद्युत शाखा

विद्युत व्यवस्थापन इकाई : त्रैमासिक प्रगति विवरण (श्रावण — असोज २०८२)
नेपालगञ्ज उपमहानगरपालिका ‘ विद्युत व्यवस्थापन इकाईको त्रैमासिक प्रगति विवरणः
नगरवासीको दैनिक जीवन सहज र सुरक्षित बनाउने उद्देश्यका साथ विद्युत व्यवस्थापन इकाई, नेपालगञ्ज उपमहानगरपालिकाले यस त्रैमासिक अवधिमा उल्लेखनीय कार्यहरू सम्पन्न गरेको छ।

**मुख्य कार्यहरूः**

1. आन्दोलनका कारण नष्ट भएका नगरपालिकाका सबै शाखाहरूमा विद्युत लाइन पुनःस्थापना गरी सुचारु बनाइयो।
2. नगरभित्रका सडक बत्तीहरूको मर्मत, प्रतिस्थापन र नियमित सञ्चालन कार्य सम्पन्न।
3. विभिन्न स्थानमा रहेका हाइमास्ट बत्तीहरूको मर्मत, संहार तथा टाइमिङ सेटिङ कार्य सम्पन्न।
4. दैनिक route प्रणालीअनुसार प्राविधिक टोली खटाई नगर क्षेत्रको प्रकाश व्यवस्था निरन्तर बनाइयो।
5. कार्यालयको विद्युत जडान तथा ट्रान्सफर्मर मर्मत कार्य सम्पन्न।
6. नयाँ २०० kVA ट्रान्सफर्मरमा TOD Meter/Metering Unit जडान कार्य र सो सम्बन्धी रकम भुक्तानी प्रक्रिया सम्पन्न।
7. वार्ड कार्यालयहरू र उपभोक्ताबाट प्राप्त गुनासोहरूको निरीक्षण, मर्मत तथा समाधान कार्य नियमित रूपमा गरियो।
8. बसपार्क तथा नगरपालिकाको अगाडिका सटरहरूमा मिटर रेटिङ र अभिलेख अद्यावधिक कार्य सम्पन्न।
9. नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको निर्देशनअनुसार आवश्यक स्थलमा तत्काल मर्मत र कार्यान्वयन गरियो।
10. गौशाला क्षेत्रभित्र नयाँ विद्युतीय लाइन जडान गरी सेवा विस्तार।
11. रत्नराजमार्गमा रहेका सडक बत्ती र हाइमास्टहरूको मर्मत—संहार कार्य सम्पन्न।
12. नगर परिसरभित्र सडकबत्तीहरूको जडान, मर्मत र सञ्चालन कार्यलाई निरन्तरता दिइयो।

**देखिएका समस्या र चुनौतीहरूः**

13. केही स्थानमा पुरानो तार र पोलका कारण मर्मत कार्यमा कठिनाइ।
14. रातको समयमा आकस्मिक खराबी समाधानका लागि जनशक्ति अभाव।
15. केही हाइमास्टहरूमा स्पेयर पार्ट्स उपलब्धता सीमित।

**आगामी योजनाः**

1. नगर क्षेत्रका सबै सडक बत्तीहरूलाई LED बत्तीमा रूपान्तरण गर्ने प्रक्रिया अघि बढाउने।
2. हाइमास्टहरूको लागि नियमित मर्मत तालिका लागू गर्ने।

**सारांशः**

विद्युत व्यवस्थापन इकाईले यस अवधिमा नगरभित्रका अधिकांश सडक, चोक, कार्यालय र सार्वजनिक स्थलहरूमा बत्तीहरू सुचारु राख्न सफल
भएको छ। रात्रीकालीन सुरक्षामा सुधार, सुन्दर नगरको दृष्टिकोण साकार पार्ने अभियानमा यो इकाई निरन्तर अग्रसर रहेको छ।

## २०) सूचना तथा संचार प्रविधि शाखा

### आ.व. २०८२।८३, प्रथम त्रैमासिक प्रगती विवरण

१) चालु आ.व. २०८२।८३ का लागी शाखाले सम्पादन गर्नुपर्ने कार्ययोजना तयार गरि स्वीकृत गरिएको।

२) राष्ट्रिय सूचना दिवस २०८२ को उपलक्ष्यमा नगरपालिका तथा सम्पुर्ण वडाका सूचना अधिकारीहरुलाई सुचनाको हक सम्बन्धि १ दिने अभिमुखिकरण कार्यक्रम संचालन गरिएको।

३) GEN Z आन्दोलनको क्रममा भएको लुटपाट, आगजनी तथा तोडफोड को तथ्याङ्क संकलन तथा घटनास्थल मुचुल्का तयारी कार्य तथा विभिन्न निकायमा पठाउने/प्रविष्टी गर्ने कार्य गरिएको ।

## २१) विपद व्यवस्थापन शाखा

स्थानीय आपतकालिन कार्यसंचालन केन्द्र अन्तरगत विपद् व्यवस्थापनमा भएका कार्यहरु २०८२ श्रावण देखी असोज सम्म

| क.स. | कार्यक्रम | स्थान विवरण | मिति | सहभागी संख्या |
| --- | --- | --- | --- | --- |

| | | | | |
|---|---|---|---|---|
| १ | स्रोत,क्षमता,जोखिमको नंशाकन अद्यावधिक बारे छलफल कार्यक्रम | उपमहानगरपालिकाको सभाहलमा उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत, बडाअध्यक्ष, शाखा प्रमुख लगायतको सहभागितामा स्रोत,क्षमता,जोखिमको नंशाकन प्रस्तुती | २०८२ श्रावण १५ गते | ४३ जना |
| २ | निजी विद्यालयहरुसंग बृहत विद्यालय सूरक्षा योजना निमार्ण सम्वन्धि अभिमुखीकरण कार्यक्रम | होटल सुनाखरीमा २४ विद्यालयका प्रमुख तथा प्रतिनिधि र शिक्षा महाशाखा, विपद् शाखाका प्रतिनिधिको विच अभिमुखीकरण कार्यक्रम | २०८२ श्रावण १३ गते | ३३ जना |
| ३ | विपद् जोखीम न्यूनिकरणमा निजी बैकहरुको भुमिका सम्वन्धि अभिमूखीकरण कार्यक्रम | उपमहानगरपालिकाको सभाहलमा ३५ बैकका प्रतिनिधि र नगर उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत लगायतको सहभागितामा अभिमुखीकरण कार्यक्रम | २०८२ श्रावण १४ गते | ४० जना |
| ४ | विद्यालयस्तरमा भूकम्पिय पूर्वतयारी कृत्रिम अभ्यास कार्यक्रम | नेपालगञ्ज उपमहानगरपालिकाको ३० बटा समुदायिक भूकम्पिय पूर्वतयारी कृत्रिम अभ्यास कार्यक्रम | २०८२ श्रावण | ३४१५ जना |

## (१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः

क) कार्यालय प्रमुखको नाम : रामहरी शर्मा
पद : प्रमुख प्रशासकीय अधिकृत
इमेल ठेगाना : nepalgunjmun@gmail.com
सम्पर्क नम्बर : ९८५८०६६१११

ख) सूचना अधिकारीको नाम : लोकेन्द्र बहादुर शाही
पद : बरिष्ठ शिक्षा .अधिकृत
सम्पर्क नम्बर : ९८५१२४३४९१
इमेल ठेगाना : lokendailekh@gmail.com

## (११) ऐन, नियम, विनियम, कार्यविधी वा निर्देशिकाको सूचीः

नेपालगञ्ज उप महानगरपालिका सँग सम्बद्ध संघीय र प्रदेश कुन बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधी, मापदण्ड, दिग्दर्शन र निर्देशिकाहरुको परिपालना गरिरहेको छ । उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची नेपालगञ्ज उप महानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/ मा राखिएको छ ।

## (१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

आ.व. २०८१।०८२ को श्रावण १ गतेदेखि २०८२असार मसान्त सम्मको आर्थिक कारोवारको विवरण  यसप्रकार रहेको छ :

नेपालगँज उप महानगरपालिका
उप महानगर कार्यपालिकाको कार्यालय, बाँकि
कार्यालयको कोड : ८०५५७३०१३००
आय व्ययको बिबरण

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८२/०३/२६

| आय | | | | |
|---|---|---|---|---|
| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
| संघीय सरकार | ९१९,१७७,000.00 | ८६0,४५३,१४९.६0 | ९३.६१ | ५८,७२३,८५0.४0 |
| प्रदेश सरकार | ५४,९८३,000.00 | ४३,५५६,८00.00 | ७९.२२ | ११,४२६,२00.00 |
| राजस्व बाडफाड | ३३७,६२७,८७४.३२ | ३७१,६८६,५८१.४५ | ११0.0९ | (३४,0५८,७0७.१३) |
| अन्तरिक श्रोत | ४४६,१३८,४६९.१२ | ४४७,७५७,४0७.८२ | १00.३६ | (१,६१८,९३८.७0) |
| जनसहभागिता | १0,000,000.00 | २,५६६,७0५.00 | २५.६७ | ७,४३३,२९५.00 |
| जम्मा | १,७६७,९२६,३४३.४४ | १,७२६,0२0,६४३.८७ | ९७.६२ | ४१,९0५,६९९.५७ |
| **व्यय** | | | | |
| शीर्षक | वार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
| चालु | १,१८0,१२८,७७६.00 | १,0३0,१६४,0७७.0४ | ८७.२९ | १४९,९६४,६९८.९६ |
| पूंजीगत | ५४७,७९७,५६७.४४ | ३५९,३३५,१८२.0४ | ६५.५९ | १८८,४६२,३८५.४0 |
| वित्तीय | ४0,000,000.00 | ३८,८२१,२५८.0२ | ९७.0५ | १,१७८,७४१.९८ |
| जम्मा | १,७६७,९२६,३४३.४४ | १,४२८,३२0,५१७.१0 | ८0.७९ | ३३९,६0५,८२६.३४ |

**(१३) तोकिए बमोजिमको अन्य विवरण:**

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत नेपालगञ्ज उपमहानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/ मा राखिएको छ । साथै जेन जी आन्दोलन पनि यस कार्यालयबाट प्रदान गरिनुपर्ने सेवाहरु अस्थायी प्रकृतिका पूर्वाधार संरचना समेत तयार गरी नियमित सेवा प्रवाह भईरहेको छ । त्यसैगरी यस सम्बन्धित विवरण मोवाईल एप, फेसवुक पेज लगायतको व्यवस्था समेत गरिएको छ ।

**धन्यवाद ।**